# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## केदारस्यूँ गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

**(सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः २०७८।७९
च.नं. ३१५ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
केदारस्यूँ गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले केदारस्यूँ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.८५ लाख ८८ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।७।१६ मा प्राप्त प्रतिक्रियाबाट रु.७४ लाख ६५ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.२ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.४ लाख ८० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.१ करोड ५३ लाख ७० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१ करोड ३२ लाख ५५ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## केदारस्यूँ गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फस्यौंट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | २७ | ८५८८ | ० | २१ | ७४६५ | ७५ | ६ | ११२३ | २१३ | ४८० | ४३० | ० | ० | ९१० | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १५३७० | ० | ३२३८ | १२१३२ | ० | ११२३ | १३२५५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : केदारस्युँ गाउँपालिका, बझाङ , केदारसु गाउँपालिका , बझाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dhan Raj Joshi | २०७६-९-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Thika Dwal | २०७७-१-११ | |
| | | **बेरुजु रकम** | १,१२३,६३५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,७४,०७,०३९.९८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,६१,०५,६८२.४ | **चालु खर्च** | ३६,६४,६६,८९१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७४,६८,४४४.३९ | **पूँजीगत खर्च** | १२,३९,२६,३७८.१ |
| **राजश्व बाँडफाँट** | ६,२६,४७,९६४.३६ | **वित्तीय/अन्य व्यवस्था** | ८,६५,८६,९१३ |
| **आन्तरिक आय** | १९,०८,३१५ | | |
| **अन्य आय** | ९,०५,३९,१७४.६१ | | |
| **कुल आय** | ५५,८६,६९,५८०.७६ | **कुल खर्च** | ५७,६९,८०,१८२.१ |
| **बाँकी मौज्दात** | | १,९०,९६,४३८.५४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, ११४वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ ।<br><br>**वित्तीय विवरण** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ऐनको ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा ऐन ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ४१३९३००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३५५५६१४६ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५८३६८५४ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३९८५७५३। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ३ | | | **हिसाब मिलाब**<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको आय तर्फ रु ५९६०७६६२० र व्यय तर्फ रु ५९६०४४५७५ भएकोले हिसाब मिलान भनी कम खर्च भएको रकम रु ३२०४५ देखाएकोले सो रकम संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३२०४५। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |

४

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण निम्नअनुसार रहेको छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | 6761034.19 | 6761034.19 | ० |
| २ | चालु खाता | ३५६७७४७.२५ | ८७८५०८९.5६ | ५२१७३४२.३१ |
| ३ | पूँजीगत खाता | १०२६१४१।४० | ३९९३३७९ | २९६७२३७.६ |
| ४ | कल्याण कोष खाता | 500000 | 500000 | ० |
| ५ | प्रकोप कोष खाता | १४०८२० | १४०८२० | ० |
| ६ | धरौटी मौज्दात | १९९७५४०.०७ | १९९७५४०.०७ | ० |
| ७ | महिला हिसां निवारण कोष | १००००० | १००००० | ० |
| ८ | विविध कोष | २०६२७९५.५० | २०६२७९५.५ | ० |
| ९ | आन्तरिक राजस्व | १९०८३१५ | १९०८३१५ | ० |

५

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• यस वर्ष आंशिक रुपमा मात्र भ्रमण प्रतिवेदन राखी यस पालिकाका पदाधिकारी तथा कर्मचारीले भ्रमण खर्च तथा अनुगमन मुल्याकनमा रु ४१००००० खर्च गरेको पाइयो । भ्रमण प्रतिवेदन वेगर खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । पालिकाले कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ७ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ३८ वटा ऐन, ३८ वटा नियमावली, ७ वटा कार्यविधि लगायत ८३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । | |
| ८ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |

| क्र स | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | अध्यक्ष आवास कार्यक्रम | ५०००० |
| २ | जनतासंग अध्यक्ष कार्यक्रम | ५०००० |
| ३ | उपाध्यक्षसंग कोसेली कार्यक्रम | ५०००० |

९ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएकोमा यो बर्ष १६ विवाद दर्ता भएकोमा १६ वटै फछ्र्यौट भई कुनै पनि बाँकी नरहेको पाइयो ।

१० **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
| --- | --- | --- | --- |
| १ | रु १ लाखभन्दा कमको योजना | ६६ | ५२८६२७० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | १३४ | ३१६६३१६५ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १६ | २०९१७७०२ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | ३० | ८३९९३००२ |
| | **जम्मा** | **२४६** | **१४१८६०१४०** |

| | | | | |
| --- | --- | --- | --- | --- |
| ११ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री निशा धामीले २०७७।३।१० गते रु. ४३ करोड २५ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १२ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले matching fund भनी यो बर्ष रु. ९५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट विभिन्न मितिमा पटक पटक टुक्रा पारेर चालु शिर्षकतर्फ र पुजीगत शिर्षकतर्फ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १३ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको | |

स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | 123926 | 0 | 5749 | 35454 | 82723 |
| प्रतिशत | | **०** | **४.६३** | **२८.६१** | **६६.७५** |

१४

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | 62089000 | 57637041.01 | 11.75 |
| पूर्वाधार विकास | 75132650 | 57420410 | 11.71 |
| सामाजिक विकास | 281495537 | 259863563.22 | 52.99 |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 8775000 | 8407535.45 | 1.71 |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | 123350639 | 107064719.48 | 21.83 |
| **जम्मा** | **550842826** | **490393269.2** | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५२.९९ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा १.७१ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १५ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १९०८३१५ राजस्व बाँडफाँड र अनुदानबाट रू. ४६६२२२०९१ समेत रू. ४६८१३०४०६ आम्दानी भएकोमा चालु तर्फ रू. ३६६४६६८९१ र पूँजिगत तर्फ रू. १२३९२६३७८ गरी रू. ४९०३९३२६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७८९४५०० खर्च भएको छ जुन आन्तरिक आयको ४१४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.६० प्रतिशत चालु र २६.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १६ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करारमा राखी रु. १४५९०२३० खर्च लेखेको छ । | |
| १७ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| १८ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारी प्रोत्साहन भत्ताको ठाउँमा कर्मचारी प्रोत्साहन पुरस्कार नाम राखी यस वर्ष रु ३००००० खर्च गरेको छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन पुरस्कारमा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ३००,००० |

१९

**वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हुने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ७ | २ |

२०

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२१

**सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :



https://nams.oag.gov.np

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 10 | 10 |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | 2333 | 2333 |
| मृत्युदर्ता | 217 | 217 |
| बसाईसराई दर्ता | 156 | 247 |
| विवाह दर्ता | 172 | 172 |
| सम्बन्धविच्छेद दर्ता | 0 | 0 |
| पूर्वाधार विकास सडक निर्माण | 12 | 12 |
| कालोपत्रे सडक निर्माण | 0 | 0 |
| कालोपत्रे सडक मर्मत | 0 | 0 |
| ग्राभेल सडक निर्माण | 0 | 0 |
| ग्राभेल सडक मर्मत | 0 | 0 |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२२

**स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट देहाय

बमोजिम रु. ७८९४५०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य ३० |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 1२000 | 1२000 | १०८000 | ७२000 | ३४८००० |
| २ | टेलिफोन,मोबाइल | ७२000 | ६0000 | ३७८००० | २१६००० | ६९६००० |
| ३ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | ४३२००० | २१६००० | ६९६००० |
| ४ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ६४८००० | ३६0000 | १०४४००० |
| ५ | अतिथि सत्कार | 1२0000 | १०८००० | ७५६००० | ० | ० |
| ६ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | २१६००० | १४४००० | ३४८००० |
| ७ | चाडपर्व खर्च | 25000 | 22500 | 1४४000 | ५४000 | २०३००० |
| | जम्मा | ४३९००० | ३७६५०० | २६८२००० | १०६२००० | ३३३५००० |

२३

**स्वकीय सचिव र सल्लाहकार**

सुदुर पश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा ६ मा कानून बमोजिम निजी भान्छे चालक वा सहयक पाउने

१८०,०००



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीलाई उक्त निजी सुविधाको भुक्तानी हुने शुरु तलव मात्र पाउने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री विपिन रोकायालाई नियुक्त गरी मासिक रु. १८००० का दरले भुक्तानी गरेको अनियमित देखिएको रु. | |
| २४ | | | **भान्से**<br>सुदुर पश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले भान्से राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको भान्सेका रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री प्रशान्त भणडारीलाई नियुक्त गरी मासिक रु. १५९५० का दरले भुक्तानी गरेको अनियमित देखिएको रु.<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २१७३५०। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| २५ | | | **न्यायिक सहजकर्ता**<br>सुदुर पश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले न्यायिक सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ ।तर यस पालिकाले प्रत्येक ९ वटा वडामा १/१ जना मासिक रु १५००० तलब सुविधा भुक्तानी पाउने गरी न्यायिक सहजकर्ता राखेको छ । यसरी कानूनविपरित कर्मचारी भर्ना गरी अनियमित भएको रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १७५५०००। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| २६ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २५००००० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. १८९६००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २८ | | | **मन्दिर निर्माण तथा मर्मत** | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ४५ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ५३ लाख विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ४.२७ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।

२९

**अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | मासिक ईन्धन ५ लिटरका दरले | २५२०० |
| २ | नेपाल प्रहरी | ३ वटा प्रहरी चौकिलाइ मोटरसाइकल खरिद गर्न | ८४२७५४ |

३०

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 259884810 | 232190467.37 | 27694342.64 |
| | विषेश | 23000000 | 21815824 | 1184176 |
| | समपुरक | 4000000 | 3999391 | 609 |
| प्रदेश सरकार | शसर्त | 7007000 | 6616240 | 403760 |
| | विषेश | 6800000 | 6441411.39 | 358588.61 |
| | समपुरक | 14000000 | 7403793 | 6596207 |
| | अन्य बेरुजु खातामा फिर्ता | | | 178000008.32 |

३१

**अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १६२४२५४ खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ । | |

| क्र स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | विशेष अनुदान | कैलाश मावि भवन निर्माण वडा न ८ | ७३८२२९८ | ० | ७३८२२९८ |
| २ | विशेष अनुदान | जुव चौडाम खानेपानी वडा न २ | १४२००२०९ | ० | १४२००२०९ |
| ३ | संघ समपुरक अनुदान | ढोडेखेत गण्डकी लोतु सडक वडा न ८ | ३७१८१३४ | ० | ३७१८१३४ |
| ४ | प्रदेश समपुरक अनुदान | सेडीखोला ... वडा कार्यालय सडक वडा न ५ | ० | ० | ० |
| ५ | प्रदेश समपुरक अनुदान | राष्ट्रिय विद्युत लाइन विस्तार | ३४८८७६२ | ० | ३४८८७६२ |
| ६ | प्रदेश समपुरक अनुदान | बागथला बखेत भाटसैन सडक | ४९२००० (पेश्की) | | ४९२००० (पेश्की) |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **वडा कार्यालयहरुको ढिला राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार ब्याज असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | |

| वडा नं. | वडा सचिवको नाम | बाँकी |
|---|---|---|
| 3 | शर्मिला ऐर | 103 |
| 4 | अमर भण्डारी | 19599 |
| 6 | समुन्द्र धामी | 96 |
| 8 | नरेश कुँवर | 33132 |
| गा.पा. को आन्तरिक आम्दानी- नायबः- उतम बहादुर भण्डारी | | 33000 |
| जम्मा | | 85930 |

कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८५९३०। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

३४

**नगदी रसिद फिर्ता नगरेको**

निम्न वडाका वडा सचिवहरु आ.व.2077/78 को आन्तरिक राजश्व संकलनको लागि गाउँपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गरेका नगदी रसिदको अर्धकट्टी रसिद फिर्ता नबुझाई एकमुष्ट ३७००० रकम दाखिला गरेको हुँदा सबै नगदी रसिदको छानविन गरी नियमअनुसारको जरिवाना सहित असूल गरी निजहरुलाई जिम्मेबार बनाउनु पर्दछ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th colspan="4">फिर्ता नगरेको नगदी रसिदको विवरण</th></tr>
<tr><th>वडा नं.</th><th>वडा सचिवको नाम</th><th>नगदी रसिद</th><th>मालपोत रसिद</th></tr>
<tr><td>1</td><td>कृष्णराज तिवारी</td><td>501-550<br>1501-1550<br>1751-1800<br>2751-2800<br>3051-3100<br>1201-1300<br>3351-3400<br>3401-3450<br>2251-2300<br>1101-1151</td><td>2701-2800<br>1-100<br>901-1000<br>1701-1800</td></tr>
<tr><td>4</td><td>अमर भण्डारी</td><td>1701-1750</td><td>-</td></tr>
<tr><td>6</td><td>करसिङ्ग धामी<br>(वडा अध्यक्ष)</td><td>1801-1836</td><td>-</td></tr>
<tr><td>7</td><td>मिन बहादुर बिष्ट</td><td>2351-2400</td><td>-</td></tr>
</table>
कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदा मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । चालुको भौचर ४१।२०७७।७।२ बाट गाउँपालिकाले फोटोकपि विल राखि रित पूर्वकको कर वीजक बेगर रुद्र अटोमोटिभ्स (पान न ६०७९९५८९९) बाट मु.अ.कर रु. २८७१७ समेत रु. २२३१६१ सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>२८,७१७</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २३४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. १०१४९१६२६ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १२३९२६३७८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३८ | | | **डीपीआर खर्च**<br>सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |



https://nams.oag.gov.np

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| गर्जेपानी औधौगिकरण र सेति नदी आर सीसी रिटेन्गिबाल | अल सोलुसन ईन्जिनियरिङ्ग कन्सलटेन्सी | १५०००००० | १४९६१२० | ४३८१७१२१९ |
| गा पा भवन | इमम्बारक डिजाइनर्स | ८००००० | ८००००० | ८७३६६६९९ |
| १५ सैया अस्पताल | बाइ बी डिजाइन्स | ८००००० | ८००००० | २१२९५९७२ |
| डाफु केदार सडक र सेडी खोला बाझ सडक | इन्जिनियरिङ्ग प्रोफेशनल | १५०००००० | १४९०३११ | ९६८९८१९४१ |
| जम्मा: | | | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

३९

**सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ७ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु. २००००००, तथा १ थान चार पाङ्ग्रे सवारी साधन खरिदमा रु. ४८००००० मा समेत गरी रु. ६८००००० खर्च गरेका छन् ।

४०

**निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

४१ **ग्रामिण जलस्रोत तर्फ**

ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ ।पालिकामा यस वर्ष सञ्चालित ३ वटा योजनामा रु १ करोड ५ लाख बजेट व्यवस्था भइ रु खर्च भएको छ ।

४२ **कर बिजक जारी नगरेको**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले रित पूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ भने दफा २९ मा कर बिजक जारी नगर्नेलाइ दण्ड सजायको व्यवस्था छ । जे सि बि/ डोजर/ ब्रेकर संचालकहरुले उपभोक्ता समितिसंग भुक्तानी लिदा कर विजक जारी नगरी भुक्तानी भएका व्यहोरा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाइ जानकारी दिनु पर्दछ ।

| भौ न । मिति | डोजरमालिक वा संचालक | योजना | रकम |
|---|---|---|---|
| ११।२०७७।१०।९ | संगिता कन्स्ट्रकसन<br>प्रो दमन कुंवर | पातिहाल्ना माम चौर सडक | ३१००८९७ |
| ३३।२०७७।१२।२८ | किशोर कुमार थापा<br>बा १ क २७६२ | ढोडेखेत गण्डकी सडक | ३२३१९३० |
| १२०।२०७८।३।१३ | लक्ष्मण भण्डारी | सिमडुलिल कनाडा सडक | १८००००० |
| १९६।२०७८।३।१३ | एम ए डब्लु मुभर्स प्रा लि राजु भण्डारी | देउरा चौडाम डाफू सडक | २६१५४७६ |
| जम्मा | | | १०७४८३०३ |

४३ **उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुक्तानी** १४५,८४३

पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्म्स अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs मा Excavator प्रयोग गर्दा लाग्ने प्रति घण्टा भाडा दर निम्नअनुसार निर्धारण गरेको छ ।

| Ownership Cost(Nrs/hr) | Servicing (Nrs/hr) | Maintenance(Nrs/hr) | Fuel(L/hr) | Skilled MD | Total |
|---|---|---|---|---|---|
| **620** | **165** | **275** | **14.40** | **0.125** | |
| **620** | **165** | **275** | **1627#** | **19.471*** | **2606.67** |

*as per DOR Norms, District rate crew/hr=(30x Daily rate)/(8x26)=(30x1080)/208=155.77, now as per DOR Norms 155.77x0.125=19.371
# as per NOC, Fuel rate= Rs 113 per litre= 113x14.4

उल्लिखित व्यवस्था अनुसार मेशिन भाडा दर प्रतिघण्टा रु २६०६।६७ कायम गरिएको छ । अतः सडक विभागको नर्म्स अनुसार सबै प्रकारका माटो खन्ने कामको लागि प्रति ३६० घन मिटरको लागि १ दक्ष, ३ अदक्ष र ६ मेशिन घण्टा लाग्ने, सामान्य चट्टान काट्न प्रति १२० घन मिटर काट्न १ दक्ष, ३ अदक्ष र ६ मेशिन घण्टा लाग्ने र कडा चट्टान १६ घन मिटर काट्न १ दक्ष, १० अदक्ष र ६ मेशिन घण्टा लाग्ने उल्लेख छ । जस अनुसार आर्थिक वर्ष २०७७।७८ मा बझाङ्ग जिल्लाको स्वीकृत ज्याला दररेटको आधारमा प्रति घन मिटर सडक निर्माणमा लाग्ने निम्नानुसारको लागत भन्दा पालिकाले वढी दरको लागत अनुमान तयार गरेको देखियो । पालिकाबाट सञ्चालित सिमडुलिल कनडा सडक योजना वापत रकम भुक्तानी गर्दा निम्नअनुसारको व्यहोरा देखियो ।

| माटोको प्रकार | दर विश्लेषण अनुसार प्रतिघन मिटर लागत रु | पालिकाले तय गरेको लागत अनुमान प्रति घन मिटर | बढी कायम भएको लागत प्रति घन मिटर दर | परिमाण | रकम रु |
|---|---|---|---|---|---|
| कडा माटो | **52.27** | **89.98** | **37.71** | **1573.65** | **59342.34** |
| नरम चट्टान | **156.83** | **315.17** | **158.34** | **1406.52** | **222708** |
| कडा चट्टान | **1482.50** | **1397.76** | **-84.74** | **1606.38** | **-136124** |
| जम्मा | | | | | **145926** |

अतः पालिकाबाट उपभोक्ता समिति मार्फत भएका सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा सडक विभागको नर्म्स भन्दा फरक दर तय भए बाट निम्नानुसार बढि भुक्तानी भएको देखियो । बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्ने रु

४४ **झोता खानेपानी**

| | | | | |
|---|---|---|---|---|
| | | | डिप बोरिङ्गको लागि जय श्री बालाजी निर्माण सेवा धनगढी सँग रु ४०६०९६३।०७ मा मु अ कर ५२७९२१।३० गरी कूल रु ४५८८८५४।३७ मा उक्त निर्माण सेवासँग सम्झौता गरेको छ । डिप बोरिङ्गको लागि सम्भाव्यता अध्ययन नगरी कार्यालयले लागत अनुमान तयारी नगरी निर्माण व्यवसायीबाट माग गरेको लागत अनुमानको आधारमा रु १४४४९५७ को MS पाइप खरिद गरी कार्यालयमा मौज्दात राखेको पाइयो । यसरी सामान खरिद गरी निर्माण कार्य नगरेको अवस्थामा सम्बन्धित लाइ जिम्मेबार बनाउनु पर्दछ । | |
| ४५ | | | **राष्ट्रिय प्रशारण लाइन विस्ता**<br>वडा न १ देखि ९ सम्म राष्ट्रिय प्रशारण लाइन विस्तार वापत अनमोल निर्माण सेवा लाइ रु १७८८७६२ भुक्तानी गरेकोमा कूल मूल्यांकन ३४८८७६२ भइ रु ४०१३६२ मू अ कर समेत भुक्तानी भएको छ । उक्त योजनाको भुक्तानीमा कर विजक पेश भएन । मू अ कर ऐन २०५२ को दफा १४ बमोजिम कर विजक पेश नभएकोले मू अ कर असूल गरी दाखिला गर्नुपर्ने रु | ४०१,३६२ |
| ४६ | | | **प्रयोजन वेगर खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विना कुनै प्रयोजन सार्वजनिक निकायले खर्च गर्न नहुने व्यवस्था छ । रकम खर्च गर्दा सो रकमलाइ पुष्टाइ गर्ने कागजात समावेश गर्नुपर्दछ । कार्यालयले विविध खर्च लेख्दा खर्च पुष्टाइको कारण खुलाउने गरेको पाइएन । यसरी विविध खर्च गरेको प्रयोजन खुलाएर खर्च लेख्ने तर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |

| सि न | गो भौ । मिति | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | ९।२०७७।६।२९ | विविध खर्च अतिथि सत्कार | ३२९०४० |
| २ | १०।२०७७।६।३० | विविध खर्च अतिथि सत्कार | ८०००० |
| ३ | १०।२०७७।६।३० | विविध खर्च अतिथि सत्कार | ५२९७४ |
| ४ | ३४।२०७७।७।२ | विविध खर्च अतिथि सत्कार | ६०२०० |
| ५ | ४४।२०७७।७।२ | विविध खर्च अतिथि सत्कार | ५३२१५ |
| ६ | १६४।२०७७।१०।४ | विविध खर्च अतिथि सत्कार | ६२०६० |
| ७ | १९३।२०७७।१०।१० | विविध खर्च अतिथि सत्कार | १५०३२४ |
| ८ | २११।२०७७।१०।१२ | विविध खर्च अतिथि सत्कार | १७२००० |
| ९ | २२९।२०७७।११।३ | विविध खर्च अतिथि सत्कार | १२२४०० |
| १० | २५६।२०७७।१२।१ | विविध खर्च अतिथि सत्कार | ६०००० |
| ११ | ३२८।२०७७।१२।२८ | विविध खर्च अतिथि सत्कार | ७५००० |
| १२ | ३६३।२०७८।१।२४ | विविध खर्च अतिथि सत्कार | ११०४५७ |
| १३ | ३८८।२०७८।२।१६ | विविध खर्च अतिथि सत्कार | ११३६५० |
| जम्मा | | | १४४१३२० |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **सूचना तथा विज्ञापन छपाई** | |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।कुनैपनि पत्रिकामा सूचना प्रकाशन गर्दा सूचनाको साइज र दररेट उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्दछ। पालिकाले पत्रिकामा सूचना प्रकाशन वापत निम्नानुसार भुक्तानी गर्दा प्रकाशित सूचनाको साइज र दररेट उल्लेख नगरी एक मुष्ट भुक्तानी गर्ने गरेको पाइयो । संलग्न पत्रिकाको सुचनाको साइज र दररेट खुलाएको विलअनुसार मात्र पालिकाले भुक्तानी गर्नुपर्दछ ।

| गो भौ । मिति | प्रयोजन | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| गापा चालूको १३३।२०७७।९।१५ | शुभकामना सन्देश, कोरोनासम्बन्धी सूचनाहरु | सुदुर दर्पण साप्ताहिक | ४९५०० |
| १३४।२०७७।९।१५ | शुभकामना सन्देश, कोरोनासम्बन्धी सूचनाहरु | आलिताल पोष्ट | ३४००० |
| १३५।२०७७।९।१५ | शुभकामना सन्देश, कोरोनासम्बन्धी सूचनाहरु | अत्तरिया खबर दैनिक | २४००० |
| १८७।२०७७।१०।९ | जनहितमा जारी सन्देश | चेतना खबर अमरगढी | २५००० |
| ३४६।२०७७।१।१० | शुभकामना सन्देश, कोरोनासम्बन्धी सूचनाहरु | बझाङ्ग साइपाल मिडिया प्रा लि | २७९११ |
| सशर्तको १०९।२०७८।३।६ | सूचना प्रकाशन | सहकार्य मिडिया हाउस | ४५००० |
| जम्मा | | | २०५४११ |

४८

**कृषि कार्यक्रम तर्फ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ वजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।

| भौ. नं. मिति | विवरण | विउ विजनको मूल्य |
|---|---|---|
| गापा चालूको १५६।२०७७।१०।३ | रायो, मेथी, चम्सुर, धनिया, मूला लगायत आदी | २००२०० |
| २०२।२०७७।१०। ११ | दाते ओखर विरुवा ४००० बोट | २६०००० |
| सशर्तको १०२।२०७८।२।२५ | लौका, भिन्डी, काक्रो, फर्सी, मूला लगायत १७३४ पाकेट | १९९९७६ |
| १९६।२०७८।३।२४ | विरुवा खरिद (अमिला २०० बोट, कागति १२०० बोट, मौसमी १००० बोट, सून्तला ७०० बोट) | १२२५०० |
| २२५।२०७८।३।२४ | तितेकरला, जेकेनी, काक्रा, भाण्टा, टमाटर, काउली, सलगम, बोडी, भिण्डी लगायत २१२ पाकेट | १२८८९० |
| २५२।२०७८।३।३१ | अदुवा विउ खरिद १००० के जी | १२०००० |
| जम्माः | | १०३१५६६ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **पनेलाथुम सामुदायिक भवन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौ न ७।२०७८।३।१३ बाट यस योजनाका लागि कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु ९४०६०२ अन्तिम भुक्तानी भएकोमा रंगरोगनका आइटमहरुको रु ६७७१३।१७ भुक्तानी भए तापनि काम नभएको संलग्न फोटोबाट देखिएकोले रंगरोगन नलगाएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु | ६७,७१३ |
| ५० | | | **अमृत मावि भवन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौ न २४।२०७८।३।२४ बाट भवन निर्माण वापत रु ३५९७३११ भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा झ्याल ढोका खापा मा सेतो सिमेन्टको समेत रु ३३७७२९।४० समावेश भएकोमा पेश भएको फोटोमा सो काम भएको नदेखिएकोले काम नगरेको आइटमको रकम असूल गर्नुपर्ने रु | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३३७७२९। मिति २०७९।१।९ मा फछ्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ५१ | | | **अनुपातिक कट्टी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भौ न १८।२०७८।३।१२ बाट बेताल मावि लाइ रु २७५२०९६ भुक्तानी गर्दा ३६००००० को लागत अनुमान १९.३२% उपभोक्ताको अंश रहेकोमा कूल मूल्यांकन ३२८३७३२।६८ को ८०.६८% ले २६४९३१५।५२ मात्र भुक्तानी हुनु पर्नेमा २७५२०९६ उपभोक्ताको अंश समेत भुक्तानी हुन गएकोले बढी भुक्तानी भएको रु १०२७८०।४७ असूल गरी बेरुजु दाखिला गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १०२७८०। मिति २०७९।१।९ मा फछ्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ५२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | शिक्षोदय मा वि बाग्थला | २६ | २५ | ० | 432 |
| २ | रत्न मा वि पाउटा | ११ | ११ | ० | 316 |
| ३ | चन्द्रोदय मा वि भाटसैन | १७ | १७ | ० | 293 |
| ४ | कैलाश मा वि लोतु | ९ | ९ | | 256 |
| ५ | भैरव मा वि झोता | १८ | १८ | | 388 |
| ६ | गर्जेपानि मा वि रायल | १८ | १८ | | 180 |
| ७ | बेलात मा वि देउरा | १७ | १७ | | 264 |
| ८ | भवानि नि मा डुडिल | ९ | ९ | | 77 |
| ९ | कैलाश भवानी मा वि कोटेली | ८ | ८ | | 136 |
| १० | जगन्नाथ मा वि सैन्सु | १६ | १६ | | 184 |
| ११ | नमादेउ मावि डाफ्रुefl*sf]^ | **७** | ७ | | 209 |
| १२ | केदार प्रा वि बैलेक | **३** | ३ | १ | 61 |
| १३ | भवानी मा वि बाँझ | **६** | | | 101 |
| १४ | महादेव नि मा वि भामचौर | **४** | | | 133 |
| १५ | सरस्वती नि मा वि गाजरी | **४** | | | 71 |
| १६ | भुवनेश्वरी प्रा वि सुढाडा | **५** | | | 54 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | जानकी प्रा वि धेलकाटिया | ३ | | | 39 | | |
| | | | | १८ | सरस्वती प्रा वि विनाडा | ४ | | | 73 | | |
| | | | | १९ | सिधिगेणश प्रा. वि बखेत | ४ | | | 73 | | |
| | | | | २० | नमादेउ प्रा वि चिरगाउ | ४ | | | 52 | | |
| | | | | २१ | सुर्मा भवानीमा वि काडाचौर | ६ | | | 178 | | |
| | | | | २२ | नमादेव प्रा. वि गल्लेक | ३ | | | 60 | | |
| | | | | २३ | केदार नि मा विथापागाउँ | ५ | | | 185 | | |
| | | | | २४ | जनजाग्रति प्रा वि चौडेली | ३ | | | 48 | | |
| | | | | २५ | जनचेतना प्रा वि देउरा | ४ | | | 93 | | |
| | | | | २६ | अमृत प्रा विकोटीगाउँ | ४ | | | 53 | | |
| | | | | २७ | नमादेव प्रा वि मल्लेसि | ३ | | | 108 | | |
| | | | | २८ | त्याडी प्रा वि कोलढुङ्गा | ५ | | | 58 | | |
| | | | | २९ | भवानी प्रा वा पोखरी | २ | | | 69 | | |
| | | | | ३० | भुमिदेव नि मा वि रोतागडा | ३ | २ | | 99 | | |
| | | | | ३१ | वालविकास प्रा.वि जसुडा | २ | १ | | 99 | | |
| | | | | ३२ | महादेव प्रा वि सिम्पानी | २ | १ | | 76 | | |
| | | | | | | | | | 63 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३३ | जनचेतना प्रा वि सिङेचुला | १ | १ | | | |
| | | | | ३४ | घण्टेश्वर प्रा. वि कुवाखोला | १ | २ | | 26 | |
| | | | | ३५ | वाठपालि प्रा वि सिराडी | २ | १ | | 34 | |
| | | | | ३६ | नवजोती प्रा वि त्याडी गाउँ | १ | २ | | 64 | |
| | | | | ३७ | मष्टादेउ प्रा वि जुब | २ | ३ | | 97 | |
| | | | | ३८ | बाटपालि प्रा. वि खेती | १ | ३ | | 32 | |
| | | | | ३९ | सुल्जन प्रा वि गुरेना | १ | १ | | 49 | |
| | | | | ४० | कैलाश प्रा वि जूइल | १ | १ | | 18 | |
| | | | | ४१ | भगबती बालविकास प्रा. वि | १ | १ | | 17 | |
| | | | | ४२ | जवा प्रा वि सेग" | १ | २ | | 61 | |
| | | | | ४३ | भगबती बालविकास चौडाम | | १ | | 42 | |
| | | | | ४४ | नमादेउ प्रा वि महरगाउ | | २ | | 46 | |
| | | | | ४५ | केदार प्रा वि हुस्साडा | १ | २ | | 48 | |
| | | | | ४६ | महादेव प्रा वि गडिगाउँ | | २ | | 86 | |
| | | | | ४७ | लालिगुँरास प्रा वि | १ | १ | | 40 | |
| | | | | ४८ | डाडाबाग प्रा वि दुनिधारी | | १ | | 13 | |
| | | | | ४९ | मौभेरी प्रा= वि= लोतु | ४ | १ | | 88 | |


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५०</td><td>बगडोलाबालबिकासकेन्द्रहदेलिखाली</td><td></td><td>१</td><td></td><td>३४</td></tr>
<tr><td>५१</td><td>नमादेउप्रा विबाइतोली</td><td></td><td>१</td><td></td><td>४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १८७००००० तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>बढी छात्रवृति भुक्तानी<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ को ४.२ मा गैरआवासीय छात्रवृतिको व्यवस्था भएवमोजिम छात्रा छात्रवृति र दलित छात्रवृतितर्फ रु ४०० का दरले प्रदान गर्ने व्यवस्था छ ।पालिकाले दिएको विद्यार्थी विवरण अनुसार पालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत छात्रा ३१७८ र दलित छात्र ५८५ गरी कूल संख्या ३७६३ भएकोमा भौचर न १७५।२०७८।३।२२ बाट रकम रु २३९८००० भुक्तानी भएको छ । कूल ३७६३ जनालाइ रु ४०० का दरले रु १५०५२०० भुक्तानी हुनुपर्नेमा रु २३९८००० भूक्तानी गरी रु ८२९८०० वढी भुक्तानी भएको छ ।यसरी विद्यार्थी विवरण भन्दा वढी भुक्तानी भएको छात्रबृति रकम असुल हुनुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८२९८००। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>औषधि खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. २९ लाखका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको<br>गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बाँध्ने नगरेको । | |
| ५५.३ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०५ जनालाई रोजगारी उपलव्ध गराई रु. १५२६००७३ खर्च गरेको छ । लक्षित वर्गलाई ९७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| वडानं | कार्यक्रमरयोजनासंचालन | रोजगारसंख्या | कुलखर्चरकम | तलबमाखर्च भएकोरकम |
|---|---|---|---|---|
| 1 | काठखेतचौडामसिचाईकुलो | १३८१।८ | ७१४३९०।६ | ७१४३९०।६ |
| 1 | मर्मत | ९९।३ | ५१३३८।१ | ५१३३८।१ |
| 1 | चौडामघोरेटोबाटोमर्मत | ७८७।८४ | ४०७३१३।२८ | ४०७३१३।२८ |
| 1 | बेतालदेखिचौडामकेलानीवन | ९८२।९ | ५०८१५९।३ | ५०८१५९।३ |
| 1 | घोरेटोबाटोमर्मत | १३६१।९२ | ७०४११२।६४ | ७०४११२।६४ |
| 2 | पथुडाबगालदेखिभवानीमावि | ८९८।२ | ४६४३६९।४ | ४६४३६९।४ |
| 2 | घोरेटोबाटोमर्मत | ६९०।३४ | ३५६९०५।७८ | ३५६९०५।७८ |
| 2 | कनडाखोलीघोरेटोबाटोमर्मत | ६९८।७४ | ३६१२४८।५८ | ३६१२४८।५८ |
| 2 | सल्लेटादेखिजुबखानिडाँडा | ९७०।६ | ५०१८००।०२ | ५०१८००।०२ |
| 3 | मरगाउँघोरेटोबाटोमर्मत | ८९८।११ | ४६४३२२।८७ | ४६४३२२।८७ |
| 3 | जुबसिचाईकुलोमर्मत | ७८५।६ | ४०६१५५।२ | ४०६१५५।२ |
| 3 | कोटिगाउँखानेपानिमर्मत | ९८९।१ | ५११३६४।७ | ५११३६४।७ |
| 3 | नमादेउप्रा.वि. फिल्डतथा | ९२।७७ | ४७९६२।०९ | ४७९६२।०९ |
| 4 | पर्खालमर्मत | ९७६ | ५०४५९२ | ५०४५९२ |
| 4 | कापडीखोलादेखिनमादेउ | ८७०।३ | ४४९९४५।१ | ४४९९४५।१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 4 | मा.वि. सम्मघोरेटोबाटोमर्मत | ५९१।८४ | ३०५९८१।२८ | ३०५९८१।२८ | | |
| | | | | 4 | मैतोलिगाउँदेखिरंयाजसम्म | ९५१।२ | ४९१७७०।४ | ४९१७७०।४ | | |
| | | | | 4 | घोरेटोबाटोमर्मत | ९९।११ | ५१२३९।८७ | ५१२३९।८७ | | |
| | | | | 5 | वडाकार्यालयभाडिकोटदेखि | ६९३।४९ | ३५८५३४।३३ | ३५८५३४।३३ | | |
| | | | | 5 | डाफ्रुगाउँसम्मघोरेटोबाटो | ९८८।४ | ५११००२।८ | ५११००२।८ | | |
| | | | | 5 | मर्मत | १०७५।०३ | ५५५७९०।५१ | ५५५७९०।५१ | | |
| | | | | 5 | चौतारादेखिपराकाट्टेसम्म | ६८६।०७ | ३५४६९८।१९ | ३५४६९८।१९ | | |
| | | | | 6 | घोरेटोबाटोमर्मत | ६९२।७२ | ३५८१३६।२६ | ३५८१३६।२६ | | |
| | | | | 6 | बागथलारुवाकडाअंगेडाडा | १४८५।७५ | ७६८१३२।७५ | ७६८१३२।७५ | | |
| | | | | 6 | घोरेटोबाटोमर्मत | ६९१।८८ | ३५७७०१।९६ | ३५७७०१।९६ | | |
| | | | | 7 | सुदडाटोलघोरेटोबाटोमर्मत | ७९१।९२ | ४०९४२२।६४ | ४०९४२२।६४ | | |
| | | | | 7 | बागथलाबखेतसुदडाघोरेटो | १०६८।३२ | ५५२३२१।४४ | ५५२३२१।४४ | | |
| | | | | 7 | बाटोमर्मत | ११६१।१२ | ६००२९९।०४ | ६००२९९।०४ | | |
| | | | | 7 | पुलबजारकोइरेलीघोरेटोबातो | ९७।८ | ५०५६२।६ | ५०५६२।६ | | |
| | | | | 8 | मर्मत | ६९४।३३ | ३५८९६८।६१ | ३५८९६८।६१ | | |
| | | | | 8 | सैन्स्यँ◌ुगाउँबगरघोरेटोबाटो | ६९०।१३ | ३५६७९७।२१ | ३५६७९७।२१ | | |
| | | | | 8 | मर्मत | ३८६।९६ | २०००५८।३२ | २०००५८।३२ | | |

| | | | | |
|---|---|---|---|---|
| 8 | ज्याडापातलदेखिछोटेबगर | ४९४।४ | २५५६०४।८ | २५५६०४।८ |
| 8 | घोरेटोबाटोमर्मत | ८०० | ४१३६०० | ४१३६०० |
| 8 | बगरदेखिसमरकाँडाघोरेटो | २९४।०६ | १५२०२९।०२ | १५२०२९।०२ |
| 9 | बाटोमर्मत | ५२९।२६ | २७३६२७।४२ | २७३६२७।४२ |
| 9 | सिराडवडाकार्यालयहुदै | ७११।९२ | ३६८०६२।६४ | ३६८०६२।६४ |
| 9 | धनभाडघोरेटोबाटोमर्मत | ७६६।८८ | ३९६४७६।९६ | ३९६४७६।९६ |
| 9 | स्वास्थ्यकार्यालयघेरबारमर्मत | ८८।६२ | ४५८१६।५४ | ४५८१६।५४ |
| 9 | बासकटियादेखित्याडिगाउँ | ८०० | ४१३६०० | ४१३६०० |

५७

**लाभग्राहीको नाम नविकरण**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

५८

**प्रतिवेदन पेश गर्नुपर्ने**

सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । गाँउपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

५९

**दोहोरो सामाजिक सुरक्षा भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली 2077 को नियम 39 अनुसार रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाका विभिन्न वडा सचिवले सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीरुलाई दोहोरो भुक्तानी दिएको पाइयो।दोहोरो परेको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| वडा नं. | वडा सचिव | सेवाग्राहीको नाम | दोहोरो भुक्तानी रकम | चौमासिक |
|---|---|---|---|---|
| 1 | कृष्णराज तिवारी | हरिन भण्डारी | 12000 | प्रथम |
| | | बिस्रा कामी | 8000 | |
| | | समिक्षा भण्डारी | 1600 | |
| 5 | रोशन खडायत | रंगा धामी | 12000 | प्रथम |
| | | प्रतिक्षा ठगुन्ना | 1600 | |
| | | रेबेन्द्र गुर्धामी | 1600 | |
| | | दिया धामी | 1600 | |
| | | दिपा बोहारा | 1600 | |
| | | रुद्र गुर्धामी | 1600 | |
| 6 | समुन्द्र ब. धामी | सावित्री कुमारी धामी | 1600 | |
| | | **जम्मा** | **43200** | |

कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ४३२००। मिति २०७९।१।९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

६०

**समिति गठन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ८ वटा बैठक बस्ने बाहेक अन्य

| | | | | |
|---|---|---|---|---|
| | | | कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६१ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६२ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । यो वर्ष पालिकाले विपद कोषमा मौज्दात बाँकी रु. २९५८२० देखिन्छ । पालिकाले खर्च मध्ये सवै रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६३ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६४ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |
| ६४.१ | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । | | |
| ६५ | | | **स्थलगत अबलोकन**<br>गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत, ईन्जिनियर, विद्यालयका प्रधानध्यायपक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतको उपस्थितिमा भैरव मा वि झोतामा राष्ट्ररपति शौक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे शौक्षिक भवनको तलाथप कार्यक्रमको स्थलगत अवलोकन हुँदा २०७८ असार महिनामा नाप जाँच गरी कार्य सम्पन्न जनाएको भवनको सेतो सिमेन्ट लगाउदै गरेको, झ्याल ढोका खरिद गरेको तर फिट गर्न बाँकी रहेको रेलिङ्गको केहि भाग फिट गर्न बाँकी रहेको र रंगरोगन समेत नलगाएको अवस्था देखियो । कार्य सम्पन्न नहुदै कार्य सम्पन्न भएको कागजात तयार गरी भुक्तानी हुनु नियम संगत देखिएन । अतः अन्य योजनाहरुको समेत कार्य सम्पन्न नहुदै कागजात तयार गरी भुक्तानी भएको छैन भनी आश्ववस्त गराउनु पर्दछ भने यस प्रकारका काम नसकिदै भुक्तानी हुने कार्यको अन्त्य गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ ।<br><br>चित्र १: स्थलगत अवलोकन भैरब मावि झोलाको झ्याल ढोका रंगरोगन हुन बाँकी भवन | | |
| ६६ | | | **दैनिक भ्रमण भत्ता बढी भुक्तानी** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फछ्र्योट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्योट नभएकोले नियमानुसार फछ्र्योट हुनु पर्दछ ।<br>:<br>भ्रमण खर्च नियमावली, २०६४ मा दैनिक भ्रमण भत्ताको १० प्रतिशत थप पाउने जिल्ला तोकिएको छ । भौचर २३, मिति २०७७।१०।२ इन्टरनेट जडान सम्बन्धि काम गर्न रण बहादुर धामीले डडेल्धुरा जादा समेत १० प्रतिशत थप दै भ्र भत्ता लिएका रकम असूल हुनुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ७५०। मिति २०७९।१।९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ६७ | | | **एउटै मितिमा २ वटा दैनिक भ्रमण भत्ता**<br>शसर्त चालु भौचर ७५ मिति २०७८।२।१ मा रू ७१२० र गा पा चालु भौचर ५९६ मा रू ८५६० आइटी इन्जिनियर लेखराज रावलले एउटै मिति २०७८।१।६ देखि १।११ सम्म २ पटक दै भ्र भ बापतको रकम बुझेको असूल हुनुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८५६०। मिति २०७९।१।९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ६८ | | | **अग्रीम आयकर**<br>अग्रीम आयकरः आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानिमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भौचर ९९ मिति२०७८।२।२४ मा कैलाश बहादुर बलायरले रू २०३०० को १.५ प्रतिशतले हुन आउने अ आ कर संघीय राजश्व खातामा जम्मा गर्नुपर्ने<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३०४। मिति २०७९।१।९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ६९ | | | **एउटै मितिमा २ वटा दैनिक भ्रमण भत्ता**<br>शसर्त चालु भौचर १९६ मिति २०७८।३।२४ मा रू ८२२० र गा पा चालु भौचर २१३ मा रू ६८१० ना प्रा स्वा अनिता बम्म ले एउटै मिति २०७८।१।३ देखि १।७ सम्म २ पटक दै भ्र भ बापतको रकम बुझेको असूल हुनुपर्ने<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८२२०। मिति २०७९।१।९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ७० | | | **कर कट्टी** | |

<table>
<tr><td></td><td></td><td></td><td>भौचर २५१ मिति २०७८।३।३१ प्रशान्त बि क ले पोषण कार्यक्रम सन्चालन गरेबापत बिल पेश गरेको । उक्त बिलमा लाग्ने अ आ कर बापतको रकम संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २८८१। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>भ्रमण काज र हाजिरी<br>काजमा खटाइएको कर्मचारीले भ्रमण आदेश स्वीकृत गराइ हाजिरी रजिष्टरमा काज जनाइ जानुपर्दछ । तर काजमा गइ भ्रमण भत्ता लिने साथै कार्यालयमा हाजिरी समेत जनाउने परिपाटी रोकिनुपर्दछ । भौचर २५१ मा निम्न कर्मचारीले दै भ भ र हाजिरी एउटै मितिमा गरेको पाइयो सो रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>नाम थर</th><th>हाजिरी मिति</th><th>काज मिति</th><th>रकम रु</th></tr>
<tr><td>२५१</td><td>प्रशान्त बि क</td><td>२०७८।२।२५ र २६</td><td>२०७८।२।२५ र २६</td><td>२६४०</td></tr>
<tr><td>२५१</td><td>हर्क धामी</td><td>जेठ २४,२५,२६</td><td>जेठ २४,२५,२६</td><td>३९६०</td></tr>
<tr><td>२५१</td><td>प्रशान्त बि क एउटै मितिमा २ पटक</td><td>जेठ १८,१९,२०</td><td>जेठ १८,१९,२०</td><td>७९२०</td></tr>
</table>
कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १४२५०। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली, २०६४ को अनुसूचि ४ मा दैनिक भ्रमण भत्ताको १० प्रतिशत थप हुने जिल्लाहरू तोकिएको छ भौचर ६० मा वटा प्रा स नैनेश भण्डारी धनगढी जादा ७ दिनको १० प्रतिशत थप भत्ता बुझेको देखियो । नर्म्स अनुसार पाउनुपर्ने रकम घटाइ बाकि रकम असुल हुनुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ७२०। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>अग्रीम आय कर<br>भौचर ३४१ मिति २०७७।१२।२९ मा कौसाड बाख्रापालन समूहले बाख्रा खरिदमा प्रयोग भएको बिल बमोजिम कट्टी गर्नुपर्ने अग्रीम आय कर बापतको रकम संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २८५। मिति २०७९।१।९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ७४ | | | **बहालकर**<br>भौचर ४१३ मिति २०७८।३।१ भैरब मा वि झोता लाइ भुक्तानि भएको रकम मध्य ढुवानीको लागि प्रयोग भएको गाडीभाडा बापत रू ९००० भुक्तानि । बहालकर बापत रू ९०० संघीय राजश्व खातामा जम्मा गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ९००। मिति २०७९।१।९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ७५ | | | **बहाल कर**<br>भौचर ४४२ मिति २०७८।३।११ स्याउबारी घेरबार गोडमेल वडा न ७ ले प्रयोग गरेको ट्याक्टर को भाडामा लाग्ने बहाल कर बापतको ३ रकम संघीय राजश्व खातामा जम्मा गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २६००। मिति २०७९।१।९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |
| ७६ | | | **उपस्थिति बिना भुक्तानि**<br>भौचर ६४८ मिति २०७८।३।२७ पदाधिकारीको बैठक उपस्थिति बिना बैठक भत्ता बापतको रकम भुक्तानी असूल हुनुपर्ने | |

| पद र नाम | अनुपस्थित संख्या | दर | रकम |
|---|---|---|---|
| वडाध्यक्ष लोकेश भण्डारी | ३ | १००० | ३००० |
| वडाध्यक्ष चक्र बि क | २ | १००० | २००० |
| वडाध्यक्ष वीर बहादुर खाति | २ | १००० | २००० |
| वडाध्यक्ष काशीराम धामी | ५ | | ५००० |
| वडाध्यक्ष प्रेम बहादुर धामी | ७ | १००० | ७००० |
| का पा सदस्य तस्विर वि क | १ | १००० | १००० |
| का पा सदस्य कटक नेपाली | ६ | १००० | ६००० |
| का पा सदस्य नन्दा सिंह | १ | १००० | १००० |
| का पा सदस्य जुन देवि | ३ | १००० | ३००० |
| का पा सदस्य जौमति बोहरा | ३ | १००० | ३००० |
| का पा सदस्य बिमला शर्मा | ९ | १००० | ९००० |

कार्यालयको मिति २०७८।७।१६ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३५४००। मिति २०७९।१।९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

७७

**कोभिड १९ तर्फ**

आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः



https://nams.oag.gov.np

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ० | राहत वितरण | २१०५००० |
| स्थानीय तहको आफ्नै वजेटवाट | १००००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४०००००० |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १०००००० |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | २७००००० |
| अन्य स्रोतबाट | ० | स्कूलमा चर्पी | २००००० |
| | | जोखिम भत्ता | ५००००० |
| | | स्वास्थ्य पूर्वाधार निर्माण | २००००० |
| | | अन्य खर्च | |
| | | वाँकी | २९५००० |
| **जम्मा** | **११०००००००** | | **११०००००००** |

७८

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|
| जे डी एम आर विल्डर्स प्रा लि | बागथला बखेत भाडसैन सडक | ४९२२६० |
| अनमोल निर्माण सेवा | केदारस्यूँ गापा वडा न १ देखि ढ सम्म राष्ट्रिय प्रशारण लाइन विस्तार | १७०९९८७ |
| जम्मा | | २२०२२४७ |

७९

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १५३७०००० | ३२३६७६७ | १२१३३२३३ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | २६ | कैलाश मावि लोतु अधुरो भवन | | १८००००० | | | १८००००० |
| २ | २०७५।७६ | १५.१ | गर्जेपानी मावि अधुरो भवन | | ८०३७१५ | | | ८०३७१५ |
| ३ | २०७६।७७ | ७६ | दोहोरो भुक्तानी | १९८०० | | | | १९८०० |
| ४ | २०७६।७७ | ९२ | सक्कल विल | | ४९९१७७ | | | ४९९१७७ |
| ५ | २०७६।७७ | ९९ | सा सु दोहोरो | १०८००० | | | | १०८००० |
| ६ | २०७६।७७ | ९४ | ग्रेड वढी भुक्तानी | ६०७५ | | | | ६०७५ |
| जम्मा | | | | १३३८७५ | ३१०२८९२ | | | ३२३६७६७ |

८०

बेरुजु अद्यावधिक

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १५३७०००० | ३२३६७६७ | ८५८८३६२ | ० | २०७५१५९५ |